नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ४७८

मितिः२०८३।०२।२२

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै।

विषयः केरामा लाग्ने ओइलाउने रोग नियन्त्रण सम्वन्धमा ।

प्रस्तुत विषयमा कृषि, वन तथा पर्यावरण मन्त्रालयको प.सं.२०८२/८३ च.नं.६२४ मिति २०८३/०२/२० को पत्र मार्फत केरामा लाग्ने ओइलाउने रोग नियन्त्रण सम्वन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिहदरवार ,काठमाडौ,

श्री सूचना प्रविधि शाखाःवेवसाइटमा अपलोड गरिदिनुहुन।

नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

(कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा)

फोन नं. ४२११६६५, ४२११६८७, ४२११९१५, ४२११९४०
फ्याक्स: ४२११९३५
सिंहदरबार, काठमाडौं नेपाल ।

पत्र संख्या :२०८२/०८३

च.नं. व्य.प्र. ६२४

मिति: २०८३/०२/२०

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
श्री स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमाडौं।

**विषयः केरामा लाग्ने ओइलाउने रोग (Foc, TR4) सम्बन्धी पत्र सबै स्थानीय तहहरूमा पत्राचार गरिदिनुहुन अनुरोधका सम्बन्धमा।**

प्रस्तुत विषयमा केरामा लाग्ने ओइलाउने रोग (*Fusarium oxysporum* f. sp. *cubense*, TR4) को नियन्त्रणको विषयमा स्थानीय तहसँग सम्बन्धित श्री प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको यसै साथ संलग्न च.नं. ८७५ मिति २०८३/०२/१३ गतेको पत्र सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०८३/०२/२०

जीवन पौडेल
बाली संरक्षण अधिकृत

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

फोन नं. ०१-५४२१३५२
०१-५०१०१११
०१-५५२३७९८
०१-५५५१६०१
Webside:www.npponepal.gov.np
Email: info@npponepal.gov.np

मिति:२०८३/०२/१३

प.सं:- २०८२/८३, सर्भे सर्भेलेन्स
च.न.: ८६५

श्री स्थानीय तहहरु
सबै ।

विषय: आवश्यक सहयोग तथा समन्वय सम्बन्धमा ।

प्रस्तुत विषयमा केरामा लाग्ने ओइलाउने रोग (*Fusarium oxysporum* f. sp. *cubense*, TR4) नेपालको केरा खेतीमा देखिन सक्ने खतरनाक रोग हो । उक्त रोगले आक्रमण गरेमा केरा खेतीमा ठुलो आर्थिक नोक्सानी पुग्दछ र नेपालमा केरा खेतीको लागि दीर्घ कालसम्म सङ्कट सृजना गर्न सक्दछ । नेपालमा उक्त शत्रु जीव भित्रिएको प्रमाणित भइसकेको भएतापनि हालसम्म नियन्त्रण भित्र रहेको छ । यो रोग, रोगी केराको विरुवाबाट माटोमा सर्ने र माटोबाट अन्य क्षेत्रमा फैलने गर्दछ । भास्कुलर तन्तुमा रहने यो रोगको कारक जिवाणु केरा ढुवानी गर्दा समेत एक ठाउँबाट अर्को ठाउँमा फैलिने भएकोले विशेष सतर्कता अपनाउनु पर्दछ। यसै परिप्रेक्ष्यमा केरा वगैंचामा उक्त रोगको प्रवेश तथा फैलावट रोक्नको लागि यस केन्द्रबाट प्रवेश अनुमति तथा क्वारेन्टाइन छोडपुर्जि नलिइ केराको विरुवा आयात तथा ढुवानी नगर्न तथा उक्त रोगको मुक्तता सुनिश्चित नगरीकन केराको विरुवा विक्री वितरण नगर्नु र नगराउनुहुन सम्पूर्ण नर्सरी धनी कृषक तथा केरा व्यवसायीहरुमा मिति २०८३/०१/१४ को गोरखापत्रमा सार्वजनिक सूचना जारी गरिसकिएको छ ।

केरा खेती विस्तारको लागि विरुवा आपूर्ति कार्य पूर्व अनिवार्यरुपमा उक्त रोगको मुक्तता यकिन गर्ने र केरा वगैंचामा यस रोगको प्रवेश तथा फैलावट रोक्ने विषयमा ताहाँ स्थानीय तहको सकृय सहयोग तथा समन्वय गरिदिनुहुन अनुरोध छ । साथै, केरा नर्सरी भएका कृषकहरुको लागि उक्त ओइलाउने रोगको परिक्षण यस केन्द्रबाट निशुल्क हुने बेहोरा कृषकहरुलाई जानकारी गराइदिनुहुन समेत अनुरोध छ ।

२०८३।०२।१३

भोजराज सापकोटा
प्रमुख (सह-सचिव)